नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ८ २०७९ साल साउन १० गते मंगलबार (26 July 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : साना किसानको सङ्ख्या पशु.. ३ पृष्ठमा : मङ्कीपक्स बढ्न थालेपछि [... ३ पृष्ठमा सोमालिया पठाउने मानवीय...

# कुट्नेलाई तारेखमा छाडेको भन्दै पीडितलाई अचेत अवस्थामै अदालत परिसरमा ल्याइए



**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन।**

सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका वडा नं. ५ भीमार टोलका ४० वर्षिय बिरेन्द्र यादवका आफन्तले उनलाई सोमवार सप्तरी जिल्ला अदालत परिसरमा ल्याएर राखेका छन्।

उनलाई कुटपिट गर्ने व्यक्ती अदालतबाट १ लाख ५० हजार धरौटीमा रिहा भएपछि न्यायका लागि आफन्तजनले उनलाई टेम्पोबाट अदालत परिसरमा ल्याएका थिए। दुई महिनाअघि भएको निर्घात कुटपिटबाट जीवनमरणको दोसाँधमा पुगेका उनको अवस्था अति चिन्ताजनक रहेको छ।

विराटनगरस्थित न्युरो अस्पतालमा टाउकोको शल्यक्रिया तथा अन्य उपचार गराएको करिब डेढ महिना भईसक्दा पनि उनको होस खुलेको छैन। अहिले सम्म निको नभएको र चिकित्सकले उपचार सम्भव नभएकाले घर मै राख्नु भने पछी लिएर आएको उनको छोरा मिथलेशले बताए।

उनका अनुसार उपचारका क्रममा १८ लाख रुपैया खर्च भईसक्दा पनि निको नभएको र चिकित्सकले अब बचाउने अवस्था नरहेको भने पछी वेहोसै अवस्थामा लिएर आएको सुनाए।

उनका अनुसार गत जेठ १४ गते विहान ७ बजे तीर बुवा विरेन्द्र हलो गोरु लिएर खेत तर्फ निस्केका थिए। सोही क्रममा छिमेकी जोगिन यादवको बारीमा लगाइएको तरकारीको लहरा गोरुले खाईदिएपछि आक्रोसित जोगिन र उनका परिवारका सदस्य विनोद यादव, सरोज यादव लगायतले बाँस र काठको चिरपटले बुवा विरेन्द्रमाथी साँघातिक आक्रमण गरेको मिथलेशले बताए।

यसबारे सोही दिन घाईते विरेन्द्रका दाजु नारायणले इलाका प्रहरी कार्यालय कंचनपुरमा पिडक विरुद्ध किटानी जाहेरी दिएपछी जोगिन यादव पक्राउ परेका थिए।

प्रहरीले जोगिनलाई पक्राउ गरी अदालतबाट म्याद थपी अनुसन्धान शूरु गरेको र प्रक्रिया सकिए पछी अदालतमा उपस्थित गराउँदा असार १४ गते जोगिन १ लाख ५० हजार धरौटीमा रिहा भए पछी पिडीतका आफन्त आक्रोसित भएका हुन।

सप्तरी जिल्ला अदालतका न्यायाधिश प्रमेश पोखरेलद्वारा जारी आदेश-पर्चामा पछी ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी जोगिनबाट मुलुकी कार्यवीधी संहिता, २०७४ को दफा ७२ को आधारमा सोही ऐनको दफा ६८ बमोजिम रु १ लाख ५० हजार नगद वा सो वराबरको जेथा जमानत वा बैंक जमानत दिए लिइ पुर्पक्षका निम्ती तारेखमा राख्नु उल्लेख छ।

न्यायका लागी अदालत परिसर भित्रै यसरी जीवन मरणको दोसाँधमा रहेका व्यक्तीलाई ल्याई राखिएको जिल्लामै पहिलो घटना हो।

यसैबीच अदालतका जिम्मेवार अधिकारीहरुले यो अन्तिम फैसला नभई मुद्दाको प्रारम्भीक आदेश भएको र चित्त नबुझे उच्च अदालतमा निवेदन दिने अवस्था विद्यमान रहेको भन्दै सिकिस्त विरामीलाई यसरी अदालत प्राङ्गनमा नराख्न आग्रह गरेपछी ३ घण्टा पश्चात बुवालाई लिई घर फर्केका थिए।

# खोप अभियानमा खटिएका एक स्वास्थ्यकर्मी संक्रमित




**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन।**

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीबाट कोरोना विरुद्धको खोप अभियानमा खटिएका एक स्वास्थ्यकर्मीमा कोरोना संक्रमण देखिएको छ।

संक्रमणको लक्षणदेखिएपछि उनले एन्टिजेन परिक्षण गरेका थिए। सो परिक्षणबाट संक्रमण पुष्टी भएपछि ४५ वर्षीय उनी होम आईशोलेसनमा रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ। रुपनी गाउँपालिका वडा नं. ३ घर भएका उनी जिल्ला स्वास्थ्य कार्यालयका कोरोना फोकल पर्सन हुन।

तीन महिना यता कोरोना संक्रमणदर शुन्यमा झरेको जिल्लामा नयाँ संक्रमित देखिएपछी स्थानीय तथा अधिकारीहरु

***बाँकी अन्तिम पृष्ठमा***

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ७ खर्साल टोल (पुरानो सिडिओ अफिस नजिक रहेको नाला छेउ) मा एकतल्ले घर भएको १४ धुर जग्गा बिक्रिमा रहेकोले खरीद गर्न चाहने महानुभावले निम्न मोबाइल नं. मा सम्पर्क गर्नुहोला।

**मोवाइल नं.** ९८०५९२२९०९, ९८१९९५१४०२

# करेन्ट लागेर बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन।**

सप्तरीको खडक नगरपालिका वडा नं. ११ मा सोमबार करेन्ट लागेर एक बृद्धको ज्यान गएको छ।

सो नगरपालिका लालपुर मण्डल टोल निवासी ६० वर्षिय घुरन खंगको करेन्ट लागेर ज्यान गएको हो।

धान बालिमा सिंचाई गर्नका लागि खेतमा राखिएको मोटर खोल्ने क्रममा उनलाई करेन्ट लागेको वडा सदस्य राजकुमार साहले जानकारी दिएका छन्।

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं.** ०३१-५९०६०१, ०३१५९०६०२, **www.janajyoticoop.com.np**

## सम्पादकीय

# सांकेतिक बोर्ड लगाउन कीन कन्जुस्याई !

विभिन्न स्थानमा सडक, नाला तथा ढल निर्माणका कार्यहरु हुँदैछन् । ती निर्माणका कार्य भइरहँदा विभिन्न स्थानमा साना ठूला खाल्डा हुने गर्छन् जसकारण बाटो नै बन्द गर्नु पर्ने अवस्था आउछ । जसले गर्दा जनतालाई एक ठाउँबाट अर्को ठाउ जान निकै समस्या हुनेगर्छ । तर, कुनै पनि स्थानमा निर्माण कार्य भइरहदा बाटो निर्माणको कार्य भइरहेको भन्दै सांकेतिक बोर्ड राख्ने चलन रहेको छैन् । राती घर पुग्दा बाटो राम्रो तर बिहान उठेर पुनः सोही बाटो हुँदै जाने क्रममा अनाहकमा दुर्घटनामा पर्ने जोखिम बढेको छ । यस्ता लापरवाहीले जो कोही पनि दुर्घटनामा पर्न सक्छन् । यसका लागि सडक निर्माण गरिरहेका कम्पनीले अनिवार्य रुपमा संकेतको रुपमा बाटो निर्माण भइरहेको साइन बोर्ड राख्नु पर्छ । तर त्यसो देखिदैन् ।

ठाउँठाउँमा सडक र नाला निर्माण कार्यका कारण खाल्डो खनिएपछि त्यस कार्यलाई पूर्णता दिनुको साटो त्यतिकै छोड्नुले दुर्घटना निम्त्याउने काम गरेको छ । विगत केही वर्षदेखी निर्माण कार्य सुरु भएको राजविराजका विभिन्न सडकहरुले पूर्णता पाउनसकेको छैन् । त्यहा कुनै पनि सांकेतिक बोर्ड लगाइएको देखिन्न् ।

जिल्लाका विभिनन स्थानहरुमा भइरहेका सडक मर्मत तथा निर्माणका कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ । तसर्थ कुनै पनि दुर्घटना निम्त्याउनु भन्दा पहिले दुर्घटना हुनै नदिन लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु पर्ने जरुरी रहेको छ । यस्ता संवेदनशिल विषयमा ठेकेदार कम्पनि तथा सरोकारवाला निकायले गम्भिरता देखाउनु अत्यन्त आवश्यक छ ।

# साना किसानको सङ्ख्या पशु बीमाबाट वञ्चित

काठमाडौं, ९ साउन (रासस) ।

पशु बीमा कार्यक्रमबाट साना किसान लाभान्वित हुनसकेका छैनन् । देशभर साना किसानको सङ्ख्या झन्डै ८० लाख रहेको अनुमान छ । बीमा गर्न मध्यम तथा ठूला किसानको भने बढ्दो आर्कषण छ । उनीहरुले फर्म दर्ता नगरिकन व्यवसाय सुरु गरेका छैनन् । वित्तीय संस्थाले दर्ता नगरेका ऋणीलाई धितो लिएर सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने गरेको छैन ।

गत आर्थिक वर्षमा सहुलियतपूर्ण कर्जा लिनेको सङ्ख्या ६० हजार ६१८ छ । उनीहरुले रु एक खर्ब ३९६ अर्ब ८४ करोड सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन् । फर्म दर्ता गरेर पशुपालन गर्ने साना किसानको सङ्ख्या न्यून छ । उनीहरुलाई फर्म दर्ता गर्ने, दर्तापछि धितो राखेर सहुलियतपूर्ण कर्जा प्राप्त गर्न सकिन्छ भन्ने जानकारी कम छ । वित्तीय संस्थाले स्वीकार गर्ने, आवश्यक धितो नहुनाले साना किसान सरकारी तथा बीमा सुविधा प्राप्त गर्नबाट वञ्चित छन् ।

नेपालमा पशु बीमा कार्यक्रम आर्थिक वर्ष २०७१/७२ बाट सुरु भएको हो । सरकारी सेवा सुविधा प्राप्त गर्नबाट साना किसान वञ्चित भएका कारण पशुजन्य उत्पादनको आयात चुलिएको छ । भन्सार विभागको तथ्याङ्कअनुसार माछा, मासु र दूध तथा दुग्धजन्य पदार्थको आयात वार्षिक रु दुई खर्बभन्दा बढी छ । पहिलो वर्ष गाईभैँसी, चौरी, भेँडा, च्याङग्रा, बाख्रा, सुङ्गुर, बङ्गुर, गधा तथा विभिन्न पक्षीपालन गर्ने किसानले रु ६१ करोड एक लाखको बीमा गरेका थिए । ती किसानलाई सरकारले रु एक करोड ६५ लाख अनुदान उपलब्ध गराएको थियो ।

त्यसको आठ वर्षपछि आर्थिक वर्ष २०७७/७८ सम्म ५९ प्रतिशतले बीमाङ्क बढेको बीमा समितिको तथ्याङ्कमा उल्लेख छ । बीमा समितिले बीमा गर्नेको सङ्ख्या उल्लेखनीय वृद्धि भएको पुष्टि गरे पनि कृषि तथा पशुपक्षीबाट उत्पादन हुने विभिन्न बस्तुको आयात घटेको छैन । आयात नघट्नुको मुख्य कारण साना किसानलाई उत्पादनमा समेट्न नसक्नु भएको विज्ञहरुको भनाइ छ । भक्तपुर सूर्यविनायक नगरपालिका-१० का बद्री दुलाल हुन् वा सुदन खड्कालाई पशु बीमाबारे राम्रो जानकारी छैन । उहाँहरुले पशुपालनबाट घरायसी खाँचो टार्दै आउनुभएको छ । उहाँहरुका गोठमा तीन/चार वटा गाईभैँसी छन् ।

एक दुधालु गाईभैँसीको मूल्य करिब रु एक लाखदेखि एक लाख पचास हजारसम्म पर्छ । कारणबस गाईभैँसी मरेमा उहाँहरुलाई बज्रपात पर्छ । तर उहाँ बीमाका बारेमा बुझाउने र सहयोग गर्ने मान्छे गोठसम्म आइ नपुगेको बताउनुहुन्छ । गाईभैँसीलाई घाँसपात, सफा सुग्घर, औषधि उपचारलगायत कामबाट फुर्सद नहुने भएकाले बीमा गर्ने निकाय गोठसम्म आउनुपर्ने उहाँ बताउनुहुन्छ ।

ठूला पशुपालक फर्मको गोठसम्म बीमा गर्ने निकाय पुगेको देखिन्छ तर साना किसानसम्म बीमासम्बन्धी निकाय नपुगेको गुनासो गर्नुहुन्छ खाद्यका लागि कृषि अभियानका अध्यक्ष उद्धव अधिकारी । उहाँ भन्नुहन्छ, "पहिलो पटक स्थानीय वडा सरकारले साना किसानको पशु बीमा गरिदिनुपर्छ ।"

पशुधन बीमाकर्ताले पहिलो वर्ष बीमा रकममा पाँच, दोस्रो वर्ष सात र तेस्रो वर्षदेखि कूल बीमा शुल्कको १० प्रतिशतले हुन आउने रकम भुक्तानी गर्नुपर्नेछ । सदस्य संस्थामार्फत बीमा भएमा कूल बीमा शुल्कमा १५ प्रतिशत छुट दिइने व्यवस्था पशुबीमा नीतिमा उल्लेख छ । नीतिले बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशत प्रतिवर्षका दरले शुल्क लाग्ने छ । बीमित पशुधनको सम्बन्धमा सत्यतथ्य कुरा लुकाइछिपाइ झुट्टा विवरण दिएको पाइएमा, बीमित पशुधनलाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा स्वतः रद्द हुने नीतिमा उल्लेख छ । पशुधनकर्ताले बीमित पशु हराएमा वा चोरी भएमा निर्धारित अवधिभित्र दाबी प्रक्रिया सुरु नगरेमा, बीमित पशुको बीमा शुल्क नबुझाएको अवस्थामा र नवीकरण गर्नुपर्ने बीमालेख समाप्त भएमा सात दिनभित्र नवीकरण गरी तोकिएको संस्थामा बीमाशुल्क नबुझाएमा बीमाको दाबी रकम भुक्तान गर्न बाध्य नहुने नीतिमा उल्लेख छ ।

# लालबन्दीबाट दुई अर्बको तरकारी निकासी

सर्लाही, ९ साउन (रासस) ।

लालबन्दीमा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले आर्थिक वर्ष २०७८/७९ मा रु दुई अर्ब ४५ करोड २४ लाख ७१ हजार ९३० को तरकारी निकासी गरेको छ ।

लालबन्दी नगरपालिका-७ मा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले विसं २०७८ साउन १ देखि विसं २०७९ को असार मसान्तसम्ममा छ करोड एक लाख ६३ हजार २५० किलो तरकारी निकासी गर्दा रु दुई अर्ब ४५ करोड २४ लाख ७१ हजार ९३० को रकम सङ्कलन गरेको हो ।

साथै आव २०७८/७९ को अन्तिम महिना असारमा ५५ लाख ५० हजार २०० किलो तरकारी निकासी गर्दा रु २० करोड २३ लाख १७ हजार ५०० बराबरको तरकारी निकासी गरिएको बजार व्यवस्थापन समितिका व्यवस्थापक शम्भु घिमिरेले जानकारी दिनुभयो । आव २०७८/७९ को पहिलो महिना साउनमा ५५ लाख ५० हजार २०० किलो तरकरीबाट रु १९ करोड ६४ लाख ७४ हजार २५०, भदौमा ५४ लाख ४० हजार ८०० किलोको रु २४ करोड तीन लाख ६१ हजार २५०, असोजमा २७ लाख १८ हजार ४०० किलोको रु १० करोड ६७ लाख २२ हजार ४५०, कात्तिकमा १५ लाख ४७ हजार नौ किलोको रु आठ करोड ६५ लाख ५५ हजार २५०, मङ्सिरमा ४७ लाख २१ हजार ९५० किलोको रु २५ करोड १२ लाख ३३ हजार ५०० पुसमा ६७ लाख पाँच हजार ५५० किलोको रु २८ करोड चार लाख ९७ हजार २०० रकम प्राप्त भएको छ ।

यस्तै माघमा आठ करोड ५९ लाख सात हजार ३० किलोको रु ३० करोड ८५ लाख ८५ हजार ६२५, फागुनमा ८१ लाख २५ हजार २०० किलोको रु ३४ करोड ५८ लाख ३१ हजार ७५, चैतमा ३७ लाख ६५ हजार १०० किलोको रु १३ करोड ८६ लाख एक हजार, वैशाखमा ३८ लाख ४० हजार ३०० किलोको रु १८ करोड ९९ लाख ४० हजार ६३० र जेठमा ४४ लाख आठ हजार ३०० किलोको रु १० करोड ५३ लाख ५२ हजार २०० बराबरको तरकारी निकासी भएको कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ ।

जिल्लाको लालबन्दी, हरिवन, हरिपुर र ईश्वरपुर नगरपालिका क्षेत्रमा किसानले उत्पादन गरेका गोलभेडा, परबल, बोडी, सिमी, भण्टा, करेलालगायतका तरकारी उक्त बजारमा आउने गरेको छ । देशका सिन्धुली, रामेछाप, काठमाडौँ, पोखरा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगञ्ज, हेटौँडा, वीरगञ्ज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका स्थानमा लालबन्दीबाट तरकारी निकासी हुने गरेको तरकारी थोक बजार व्यवस्थापन समितिका अध्यक्ष तोरणबहादुर मगरले जानकारी दिनुभयो ।

त्यसमध्ये गोभेडा ५० प्रतिशत, परबल २५ प्रतिशत, बोडी १० प्रतिशत, सिमी १० प्रतिशत र अन्य तरकारी पाँच प्रतिशत गरी कूल छ करोड एक लाख ६३ हजार २५० किलोको रु दुई अर्ब ४५ करोड २४ लाख ७१ हजार ९३० को तरकारी लालबन्दीबाट निकासी भएको हो ।

# कार्गो रेल्वे सञ्चालन हुने

विराटनगर, ९ साउन (रासस) ।

भारतको वथनाहबाट मोरङको विराटनगरसम्म कार्गो रेल्वे अविलम्ब सञ्चालनमा आउने भएको छ ।

निर्माणको अन्तिम चरणमा पुगेको मालवाहक रेल्वे सञ्चालनपूर्व तयारीका सम्बन्धमा उद्योग सङ्गठन मोरङमा भएको बैठकमा भारतीय रेल्वे कटिहार डिभिजनका डिभिजनल मेनेजर एसके चौधरीले विराटनगरदेखि कार्गो रेल्वे अविलम्ब सञ्चालनमा ल्याउने जानकारी दिनुभएको हो ।

छलफलमा उद्योग सङ्गठन मोरङका अध्यक्ष सुयश प्याकुरेलले मिरगञ्ज पुलमा आएको अवरोधले गर्दा मालवाहक सवारीका साधन रिरुट गरी ल्याउँदा उद्योगीलाई थप आर्थिक व्ययभार परिरहेको अवस्थामा मालवाहक रेल्वे सञ्चालनले राहत दिने वताउनुभयो ।

भारतीय रेल्वे, डिभिजनल रेल्वे मेनेजर एसके चौधरीले १८ दशमलव छ किलोमिटर लम्बाइ भएको वथनाह विराटनगर रेल्वेको काम अन्तिम चरणमा पुगेको बताउँदै नेपाल र भारत सरकारबीच प्राविधिक र प्रशासनिक प्रक्रिया पूरा भएको १० देखि १५ दिनमा कार्गो रेल सञ्चालनमा ल्याउन सकिने जानकारी दिनुभयो ।

विराटनगर महा नगरपालिकाका मेयर नागेश कोइरालाले दुई देशीय व्यापार विस्तारका लागि महत्वपूर्ण कार्गो रेल सञ्चालनमा ल्याउन महानगरपालिकाका तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मङ्कीपक्स बढ्न थालेपछि निगरानी बढाउन डब्लुएचओको आह्वान

काठमाडौँ, ९ असोज (रासस)।

विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले मङ्कीपक्स सङ्क्रमणलाई जनस्वास्थ्य आपत्कालका रूपमा घोषणा गरेको छ। बहुर्राष्ट्रिय प्रकोपको समीक्षा गर्न यही साउन ७ गते बसेको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन आपत्कालीन समितिको बैठकमा सङ्गठनका महानिर्देशक डा टेड्रोस अधानोम गेब्रेयससले मङ्कीपक्स द्रुत गतिमा बढेकाले जनस्वास्थ्य आपत्कालको रूपमा घोषणा गर्नुभएको हो।

सङ्क्रमण बढ्न थालेपछि डब्लुएचओले दक्षिण-पूर्वी एसिया क्षेत्रका देशहरूलाई मङ्कीपक्सको निगरानी र जनस्वास्थ्यका उपायलाई सुदृढ बनाउन आह्वान गरेको छ। “मङ्कीपक्स द्रुत गतिमा फैलिरहेको छ र यो पहिले नदेखिएका धेरै देशमा समेत फैलिरहेको छ। जुन ठूलो चिन्ताको विषय हो”, डब्लुएचओको जारी गरेको विज्ञप्तिमा दक्षिण-पूर्वी एसिया क्षेत्रका लागि निर्देशक डा पुनम खेत्रपाल सिंहले भन्नुभएको छ, “यद्यपि, पुरुषसँग यौनसम्पर्क गर्ने पुरुषको सम्बन्धमा भने जोखिममा रहेका जनसङ्ख्यामा केन्द्रित प्रयासमार्फत रोगको थप फैलावटलाई कम गर्न सम्भव छ।”

डब्लुएचओका अनुसार विश्वमा ७५ देशहरूमा १६ हजारमा मङ्कीपक्सका सङ्क्रमण पुष्टि भएका छन्। दक्षिण-पूर्वी एसिया क्षेत्रमा, भारतमा तीन र थाइल्याण्डमा एक गरी जम्मा चार मङ्कीपक्सका सङ्क्रमण पुष्टि भएका डब्लुएचओले जनाएको छ।

भारतमा मध्यपूर्वी देशबाट घर फर्केकामा र थाइल्याण्डमा भने त्यहीँ बसोबास गर्दै आएका एक विदेशी नागरिकमा मङ्कीपक्स सङ्क्रमण पुष्टि डब्लुएचओले जारी गरेको विज्ञप्तिमा जनाइएको छ। “विश्वव्यापीरुपमै र यस क्षेत्रमा मङ्कीपक्सको जोखिम मध्यम भए पनि अन्तर्राष्ट्रियस्तरमा यसको थप फैलावटको सम्भावना भने छ। साथै, भाइरसबारे अझै धेरै अनभिज्ञ छन्। मङ्कीपक्स सङ्क्रमण थप फैलनबाट रोक्नका लागि हामी सजग रहनुपर्छ र द्रुत प्रतिकार्यका लागि तयार हुनुपर्छ”, डा खेत्रपाल सिंहले भन्नुभयो।

प्रकोप सुरु भएदेखि नै डब्लुएचओले जोखिम मूल्याङ्कन र जनस्वास्थ्यका उपायको सुरुआत गर्नका साथै यस क्षेत्रमा परीक्षण क्षमताको विकास गर्न पनि सहजीकरण गर्दै आएको जनाएको छ। मङ्कीपक्सको प्रतिकार्यका लागि प्रभावित समुदायलाई सहभागी बनाउनु र सुरक्षित गर्नु, निगरानी र जनस्वास्थ्यका उपायलाई तीव्र बनाउनु, स्वास्थ्यसंस्थामा उपचार व्यवस्थापन र सङ्क्रमण रोकथाम तथा नियन्त्रणलाई बलियो बनाउनु र खोपको प्रयोग, उपचार तथा अन्य उपायको अनुसन्धानलाई बढाउनु मुख्य उपाय हुन्।

मङ्कीपक्स भाइरस सङ्क्रमित जनावरसँगको अप्रत्यक्ष वा प्रत्यक्ष सम्पर्कबाट मानिसमा सर्ने गर्दछ। सङ्क्रमित व्यक्तिको छाला वा बिमिरा र श्वासप्रश्वासका थोपाको प्रत्यक्ष सम्पर्कमा आएमा मानिसदेखि मानिसमा यो रोग सर्न सक्छ। हाल प्रकोप फैलिएका देशमा मङ्कीपक्स सङ्क्रमणमध्ये मुख्यरूपमा यौन सम्पर्कसहित नजिकको शारीरिक सम्पर्कमार्फत सङ्क्रमण भएको देखिएको डब्लुएचओले जनाएको छ। सङ्क्रमित छालाका कण भएका ओछ्यान, विद्युतीय उपकरण, कपडाजस्ता सङ्क्रमित सामग्रीबाट पनि रोग सर्न सक्छ।

# विश्वका १६४ देशबाट आउँछन् नेपालमा मालसामान

काठमाडौँ, ९ साउन (रासस)।

आर्थिक वर्ष २०७८/७९ मा विश्वका १६४ देशबाट नेपालले विभिन्न माल वस्तु आयात गरेको पाइएको छ। भन्सार विभागले सोमबार सार्वजनिक गरेको गत आवको तथ्याङ्कअनुसार नेपालमा ती देशबाट रु १९ खर्ब २० अर्बभन्दा बढीको सामान आयात भएको हो।

तथ्याङ्कअनुसार उक्त अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ। एक वर्षको अवधिमा नेपालले भारतबाट मात्रै रु १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात गरेको थियो । रु १२ खर्बभन्दा बढीको सामान आयात हुँदा रु एक खर्ब ५५ अर्ब २२ करोड ३० लाख बराबरको सामान निर्यात भएको थियो। नेपालले भारतसँग मात्रै रु दश खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो।

भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ। एक वर्षको अवधिमा चीनबाट रु दुई खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख बराबरको आयात भएको र रु ८० करोड ८७ लाख ५४ हजार बराबरको मात्र सामान निर्यात हुँदा चीनसँग रु दुई खर्ब ६३ अर्ब ९७ करोड ४९ लाख बराबरको व्यापार घाटा भएको थियो।

आयातसँगै निर्यात पनि वृद्धि भएको थियो। भन्सार विभागले सार्वजनिक गरेको गत आर्थिक वर्षको तथ्याङ्कअनुसार विदेशी वस्तुको आयातसँगै स्वदेशी वस्तुको निर्यातमा वृद्धि भएको थियो। आव २०७८/७९ मा नेपालले रु दुई खर्ब ३० करोड ९६ लाख बराबरको स्वदेशी वस्तु निर्यात गरेको थियो। अघिल्लो आर्थिक वर्ष नेपालले रु एक खर्ब ४१ अर्ब १२ करोड ४० लाख बराबरको निर्यात गरेको थियो।

विभागका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा आयात २४ दशमलव ७२ र निर्यात ४१ दशमलव ७४ प्रतिशतले वृद्धि भएको छ।

**बढ्यो व्यापार घाटा**

आयातको तुलनामा न्यून मात्रामा निर्यात हुँदा नेपालको व्यापार घाटामा वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको हो। विभागका अनुसार गत आर्थिक वर्ष मुलुकको व्यापार घाटा रु १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख पुगेको थियो। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा व्यापार घाटा रु १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख बराबर थियो।

एक वर्षको अवधिमा नेपालले रु २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो। यो अघिल्लो आर्थिक वर्षको तुलनामा २६दशमलव १५ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्ष नेपालले रु १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो।

*कार्गो रेल्वे...*

पोखरेलले निर्माणको क्रममा देखिएका बाधा समाधानमा मोरङ प्रशासनको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। छलफलमा विराटनगर भन्सारका प्रमुख अधिकृत ताराप्रसाद सापकोटाले मिरगञ्ज पुलका कारण आयात निर्यातमा समस्या आउँदा राजस्व सङ्कलनसमेत प्रभावित भएको जनाउँदै कार्गो रेल सञ्चालनमा ल्याउन भन्सारको सहयोग रहने भन्नुभयो।

सङ्गठनका पूर्वउपाध्यक्ष एव उद्योगी राकेश सुरानाले नेपालबाट भारतको विभिन्न स्थानमा उपचार गराउन, अध्ययन गर्न र धार्मिक प्रयोजनका लागि यस क्षेत्रबाट जाने यात्रुको सङ्ख्या अत्यधिक रहेकाले थप गन्तव्य पहिचान गरी नयाँ रेल थप्नुपर्नेमा जोड दिए।

छलफलमा सङ्गठनका उपाध्यक्ष नन्दकिशोर राठी, कार्यसमिति सदस्य पारस लुनिया, भारतीय रेल्वे, जोगवनी आइसिपि, नेपाल रेल्वे विभाग, नेपाल आइसिपिका प्रतिनिधिलगायत उद्योगी व्यवसायीको उपस्थिति रहेको थियो।

# प्रेस युनियनको केन्द्रीय अध्यक्षमा लम्साल विजयी


बागमती, ९ साउन (रासस)।

नेपाली कांग्रेसको शुभेच्छुक सस्था नेपाल प्रेस युनियनको केन्द्रीय अध्यक्ष पदमा शिव लम्साल ७४५ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी अनिता विन्दुले ६१२ मत प्राप्त गर्नुभएको थियो।

युनियनको हेटौँडामा आइतबार सम्पन्न नवौँ महाधिवेशन अन्तर्गतको निर्वाचनमा एक हजार ६७९ मतदातामध्ये एक हजार ३९७ मत खसेको थियो।

यसैगरी वरिष्ठ उपाध्यक्ष पदमा प्रेम केसी, उपाध्यक्षद्वयमा नकुल अर्याल र भीष्मराज ओझा,उपाध्यक्ष महिलामा सलोजा दाहाल र उपाध्यक्ष समावेशीमा दीपेन्द्र वान्तवा विजयी हुनुभएको छ।

युनियनको महासचिवमा दिलीप पौडेल र कोषाध्यक्ष माधव धिताल निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### सोमालिया पठाउने मानवीय सहायताको रोकिन सक्ने

मोगादिसु, ९ साउन (रासस/सिन्ह्वा)।

सहायता संस्थाहरुले सोमालियाका लागि पठाउँदै आएको मानवीय सहायता रोकिन सक्ने बताएका छन्। आर्थिक सहायताको अभावका कारण सो सहयोग रोकिन सक्ने अवस्था आएको ती सहायता संस्थाहरुले जानकारी दिएका हुन्। संयुक्त राष्ट्रसङ्घीय सहायता एजेन्सीले पनि आइतबार सो कुराको जानकारी गराएको छ। आवश्यक सहयोगको अभावमा ती सामग्री रोकिन लागेको संयुक्त राष्ट्रसङ्घीय सहायता एजेन्सीले जानकारी दिएको छ। आर्थिक कोषको अभावमा खासगरी अहिले सोमालिया पठाइँदै आइएका खाद्यान्न, आवश्यक औषधिजन्य सामग्रीहरुका साथै बालबालिकाका लागि वितरण गर्दै आएको पोषणसम्बन्धी कार्यक्रमका वस्तुहरु पनि रोकिनसक्ने सो संस्थाले जनाएको हो। सोमालियामा आन्तरिक द्वन्द्व र व्यापक मात्रामा परेको खडेरीका कारण यहाँका नागरिकलाई पोषणयुक्त खाद्यान्न तथा आवश्यक औषधिसमेत संयुक्त राष्ट्रसङ्घीय एजेन्सीको समन्वयमा विभिन्न दाताहरुले आपूर्ति गर्दै आएका छन्। सोमालियाका ७७ लाख नागरिक गएको कम्तीमा एक दशकदेखि खाद्यान्न अभावको समस्यामा परेका थिए। यस सहायताबाट उनीहरुलाई ठूलो राहत मिलेको बताइएको थियो। यहाँ परेको खडेरीले ठूलो संख्याका नागरिकलाई मानवीय सहयताको आवश्यकता परेको छ। खडेरीका कारण पानीको समस्या भोग्न उनीहरु बाध्य छन्। एक रिपोर्ट अनुसार यहाँका नौ लाख भन्दा बढी नागरिक त पानीको अभावका कारण पानी खोज्ने क्रममा आन्तरिक रुपमा विस्थापित भएर अन्यत्रै सरेका बताइएको छ।

### मलेसियामा एक दिनमा दुई हजार सात सय २० संक्रमित

क्वालालम्पुर, ९ साउन (रासस/सिन्ह्वा)।

आइतबार मध्यरातसम्मको विवरणअनुसार देशका विभिन्न भागमा दुई हजार सात सय २० जना कोभिड-१९ का नयाँ बिरामी थपिएका छन् भने तीन जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार देशमा कोरोनाबाट पीडितको सङ्ख्या ४६ लाख ५१ हजार छ सय ५१ पुगेको छ भने ३५ हजार नौ सय १४ जनाले ज्यान गुमाएका छन्। मन्त्रालयले चार हजार १२ जना कोरोना मुक्त भएका छन्। यसैसँगै निको हुनेको कुल संख्या ४५ लाख ६७ हजार ४८५ पुगेको छ।त्यहाँ ४८ हजार २५२ सक्रिय सङ्क्रमित रहेका थिए। जसमा ५४ जनालाई सघन उपचार केन्द्रमा राखिएका छन्। ३२ लाई सास फेर्न मद्दतको आवश्यकता परेको छ। देशमा आइतबार १२ हजार पाँच सय ८० खोपको डोज दिइएको र ८५.९ प्रतिशत जनसंख्याले कम्तीमा एक डोज, ८४ प्रतिशतले पूर्ण खोप, ४९.५ प्रतिशतले पहिलो बुस्टर र ०.९ प्रतिशतले दोस्रो बुस्टर पाएका छन्।

### नदीमा बस खस्दा २४ को मृत्यु

नैरोवी, ९ साउन (रासस/सिन्ह्वा)।

नदीमा बस खस्दा केन्यामा आइतबार कम्तीमा २४ जनाको मृत्यु भएको छ। राजमार्गमा कुदिरहेका बेला आइतबार बेलुका बस नदीमा खसेको सरकारी अधिकारीहरुले जानकारी दिएका छन्। घटना भएको थाहा पाउने वित्तिकै सुरक्षाकर्मी, उद्धारकर्ता र स्थानीय बासिन्दा घटनास्थलमा पुगेर उद्धारमा खटिएको केन्या रेडक्रस सोसाइटीले जनाएको छ। देशको मध्य भागमा पर्ने मेरुबाट राजधानी नैरोवीतर्फ गइरहेको बेला बस निथी नदीमा खसेको हो। बस राजमार्गबाट ४० मिटर तल खसेको स्थानीय सञ्चार माध्यमहरुले जनाएका छन्। दुर्घटनामा परेका अरु २० भन्दा बढी यात्रुलाई स्थानीय विभिन्न अस्पतालमा उपचार गराइएको छ। ती मध्ये केहीको अवस्था गम्भीर रहेको स्वास्थ्यकर्मीहरुले जानकारी दिएका छन्। दुर्घटनाको स्पष्ट कारण नखुलेपनि बस तिव्र गतिमा रहेको र नियन्त्रण गुमाएकाले दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान प्रहरीले गरेको छ।

### भारतमा १६ हजार ८ सय ६६ जनामा कोरोना संक्रमण पुष्टि

नयाँदिल्ली, ९ साउन (रासस/सिन्ह्वा)।

बितेका २४ घण्टामा देशका विभिन्न भागमा १६ हजार आठ सय ६६ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ। भारतमा लगातार तीन दिनसम्म सङ्क्रमितको सङ्ख्या २१ हजारभन्दा माथि पुगेको थियो। हिजो २० हजार नाघेको समाचार बाहिर आएको थियो भने सोमबार १६ हजार ८ सय ६६ जना सङ्क्रमित भएका छन्। हाल भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ३८ लाख ८८ हजार पुगेको छ भने एक लाख ५२ हजार दुई सय सक्रिय सङ्क्रमित छन्। सोही अवधिमा १८ हजार एक सय ४८ सङ्क्रमणमुक्त भएका छन्। योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३२ लाख २८ हजार पाँच भन्दा बढी पुगेको छ। मन्त्रालयले जारी गरेको पछिल्लो विवरणअनुसार कोरोना सङ्क्रमणबाट ४१ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोनाबाट पाँच लाख २६ हजार ७४ जनाको मृत्यु भएको छ। महामारी शुरु भएयता ८६ करोड ९० लाखभन्दा बढीको परीक्षण गरिएको छ। सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ। सोहीक्रममा हालसम्म दुई अर्ब ९१ लाख मात्राभन्दा बढी खोप लगाइएको छ।

# महिलाले बैंकबाट झिकेको दुई लाख रुपैयाँ लुटिए

**दैनिक समाचारदाता**
**जनकपुर, ९ साउन ।**
सोमबार दिउँसो बैंकबाट रकम झिकेर फर्किंदै गरेकी एक महिलाको २ लाख रुपैयाँ लुटिएको छ ।

जनकपुरधाम उप महानगरपालिका १ कि शर्मिला यादव मिल्स एरियास्थित एभरेष्ट बैंकबाट २ लाख रुपैयाँ झिकेर घरतर्फ जाँदै गर्दा मोटरसाइकलमा आएका दुई जनाले रकम लिएर भागेका हुन् ।

बैदेशकि रोजगारका लागि साउदीमा रहेका श्रीमान् देवशरणले पठाएको रकम बैंकबाट झिकेर घरतर्फ जान लाग्दा मोनास्टिक स्कुल नजिकै एउटा मोटरसाइकलमा आएको दुई जनाले रकम भएको झोला नै हातबाट झिकेर भागेको शर्मिलाले बताएकी छन् ।

यता धनुषाका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता प्रदीप बहादुर क्षेत्रीले रकम लुटेराहरुको खोजी भइरहेको जानकारी दिएका छन् ।

# बौद्धिक स्तरको अन्तरक्रिया सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**
समन नेपालद्वारा बदल्दो विश्वको बैचारिक दृष्टिकोण तथा नेपालको आगामी कार्यदिशा बारे बौद्धिक स्तरको अन्तरक्रिया सोमबार सम्पन्न गरेको छ ।

अभियानकर्ता दार्शनिक बुद्धछिरिङ मोक्तानले ज्ञानको मौलिकता बारे अध्यात्मिक जानकारी गराउँदै उनले पूर्वीय दर्शन सहिष्णु छ भने पाश्चात्य दर्शन असहिष्णु रहेको बताए ।

मोक्तानले समाजमा साँस्कृतिक सम्वादको आवश्यकता माथी जोड दिँदै पाश्चात्य दर्शनले समाज र देश चल्न नसक्ने बताए ।

सो अवसरमा प्रा. अमरकान्त झा, डा. पीताम्बर यादव, प्रा. रामखेलावन यादव, पूर्वप्रअ नथुनी दास, पूर्व मेयर शैलेश चौधरी, सेवानिवृत शिक्षिक मीना ठाकुर, मंजु श्रेष्ठ, रमिला साह, पूर्वप्रअ बिजयानन्द झा, सुखराम यादव, राजनीतिकर्मी केशव झा लगायतको सहभागिता रहेको थियो ।

## *खोप अभियानमा...*

झस्किन थालेका छन । जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले कोरोना कहर फेरी पनि फैलिन सक्ने भन्दै सर्वसाधारणलाई सचेत रहन आग्रह गरेका छन् ।

कोरोना संक्रमण फैलिन नदिन उच्च सर्तकता अपनाउन र स्वास्थ्य मन्त्रालयले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्न जिल्ला स्वास्थ्य कार्यालयले सबैसँग अपिल गरेको छ ।

# पेट्रोलियम पदार्थको आयातमै बाहिरियो तीन खर्ब २० अर्ब

काठमाडौँ, ९ साउन (रासस) ।
बढ्दो मूल्य वृद्धि र खपतका कारण एक वर्षको अवधिमा पेट्रोलियम पदार्थको आयातमा मात्रै ठूलो परिमाणमा नेपाली मुद्रा बाहिरिएको छ । एक विवरणअनुसार एक वर्षको अवधिमा रु सवा तीन खर्ब बढी नेपाली बाहिरिएको छ ।

भन्सार विभागले सोमबार सार्वजनिक गरेको गत आव २०७८/७९ को तथ्याङ्कअनुसार नेपालले भारतबाट रु तीन खर्ब २० अर्ब ३२ करोड ७४ लाख ६५ हजार बराबरको पेट्रोलियम पदार्थको आयात गरेको हो । तथ्याङ्कअनुसार एक वर्षको अवधिमा सबैभन्दा बढी डिजेल आयातमा नेपाली रुपैयाँ बाहिरिएको पाइएको छ । एक वर्षको अवधिमा नेपालले रु एक खर्ब ६८ अर्ब २३ करोड ३२ लाख बढीको डिजेल मात्रै आयात गरेको हो ।

रु ७१ अर्ब ३८ करोड ८२ लाख ८८ हजार बराबरको डिजेल, रु ६५ अर्ब ५५ करोड नौ लाख बराबरको खाना पकाउने एलपी ग्यास र रु १५ अर्ब १५ करोड ४९ लाख बराबरको हवाई इन्धन आयात भएको छ । एक वर्षको अवधिमा रु एक खर्ब १३ अर्ब बराबरको भटमास, पाम र सूर्यमुखीको कच्चा तेल, रु ५२ अर्ब बराबरको मोबाइल र ल्यापटप, रु ४८ अर्बको सुन-चाँदी र रु ७३ अर्बभन्दा बढीको खाद्यान्न आयात भएको छ।

नेपालबाट सबैभन्दा धेरै भटमासको प्रशोधित तेलको निर्यात भएको छ। एक वर्षको अवधिमा रु ४८ अर्ब १२ करोड बराबरको प्रशोधित भटमासको तेल, रु ४१ अर्ब ६४ करोड बराबरको प्रशोधित पाम तेल, रु १० अर्ब १४ करोड बराबरको सेन्थेटिक यार्न, रु सात अर्ब ७१ करोड बराबरको उनीका सामग्री तथा रु पाँच अर्ब ७६ करोड बराबरका तयारी कपडाको निर्यात भएको छ ।


# हार्दिक बधाई एवं शुभकामना



हेटौंडामा सम्पन्न नेपाल प्रेस युनियनको नवौं महाधिवेशनमा सप्तरीबाट **मिथिलेशकुमार यादव** र **सुधा देव** केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**नवीनकुमार गुप्ता**
**कोषाध्यक्ष**
**नेपाल पत्रकार महासंघ सप्तरी**


# लागुऔषध कारोबारमा दम्पतिसहित तीन पक्राउ

जलेश्वर, ९ साउन (रासस) ।
भारतबाट लागुऔषध बोकी नेपाल आएका दम्पतिसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउपर्नेमा सिन्धुली जिल्लाको दूधौली नगरपालिका-१० बस्ने २७ वर्षीय पति प्रदीप सेन्चुरी, निजकी पत्नी २६ वर्षीया दिलमाया भुजेल र २२ वर्षीय आफन्त विशाल सेन्चुरी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताउनुभयो ।

आइतबार भारतको बिहार राज्यको सीतामढी जिल्लाको कन्हमा सहरबाट लागुऔषध बोकी नेपाल प्रवेश गरेका तीनै जनालाई महोत्तरीको औरही नगरपालिका-४कठुधारस्थित प्रहरी चौकीका प्रहरीले शङ्का लागि जाँच गर्दा उनीहरु पक्राउ परेका थिए । उनीहरुको साथबाट प्रहरीले नेपालमा प्रतिबन्धित नाइट्राभेट-१० लेखिएको ९९ पिस लागुऔषध बरामद बरामाद भएको र तीनै जनालाई कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा बुझाइएको थियो ।

# श्रीमतीको हत्या गरी भाग्न खोज्दा लडेर श्रीमान्को मृत्यु

चितवन, ९ साउन (रासस) ।
भरतपुर महानगरपालिका-१० रमाइलो चोकमा एक दम्पतीको मृत्यु भएको छ ।

श्रीमतीको हत्या गरी घरको तेस्रो तलाबाट हामफालेर भाग्न खोज्दा श्रीमान्को समेत मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय चितवनले दिएको जानकारी अनुसार आइतबार राति १०:२५ बजेको समयमा स्थानीय ४५ वर्षीय कृष्णप्रसाद आचार्यले घरायसी विवादका कारण ३५ वर्षीया श्रीमती रुश्मा आचार्य घिमिरेलाई धारिलो हतियार प्रयोग गरी गम्भीर घाइते बनाएका थिए । श्रीमतीको उपचारका लागि पुरानो मेडिकल कलेजमा लगिएकोमा त्यहाँ चिकित्सकले मृत घोषणा गरेका हुन् । श्रीमतीलाई आक्रमणपछि घरको तेस्रो तलाबाट भाग्न खोज्दा हामफालेका कृष्णप्रसादको उपचारको क्रममा रातिनै चितवन मेडिकल कलेजमा लगिएकोमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

घरायसी झगडाका कारण घरको तेस्रो तल्लाको बैठक कोठामा श्रीमान्ले श्रीमतीलाई धारिलो हतियार प्रयोग गरेको प्रहरीले जनाएको छ ।


उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं।
- बचत गरी बैंक तथा वित्तिय संस्थामा रकम जम्मा गरौं।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*